नयाँ सन्दर्भ साप्ताहिक
Naya Sandarbha Weekly
वर्ष : २५ अंक : ८ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ भदौ २८ *(September 13, 2020)* नेपाल सम्वत ११४० मुल्य : रु.१०।-

**सबैको रोजाई**
मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत
**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा

# विद्यार्थी भर्ना खुल्ला : शिक्षक कर्मचारीका समस्या यथावत



–सन्दर्भ समाचारदाता

झापा। छ महिनायता तलव बिहिन भएका निजी विद्यालयका शिक्षक कर्मचारीको समस्या सम्बोधन नगरी सरकारले विद्यालय सञ्चालकलाई शुल्क उठाउन पाउने निर्णय गर्दै विद्यार्थी भर्ना खुल्ला गरिदिएको छ।

बन्दाबन्दीको बाहना बनाएर २०७६ चैत्रयता शिक्षक कर्मचारीलाई तलव नदिएका विद्यालय सञ्चालकले भने शुल्क उठाउन पाउने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्देशिका जारी गरेको हो।

मन्त्रालयले अनलाइन भर्ना र विद्यार्थी अभिलेखिकरण प्रक्रिया सुरू भएको बताएको छ। कोभिड-१९ को कारण ५ महिनादेखि ठप्प रहेको पठनपाठन शुरु हुने अवस्थामा पुगेको छ। हिजो बिहीबार विद्यार्थी सिकाइ निर्देशिक-२०७७ जारी भएलगत्तै मन्त्रालयले विद्यालयमा उपस्थित नभई भर्ना, विद्यार्थी अभिलेखीकरण र शिक्षकलाई विद्यालयको सम्पर्कमा रहने बाटो खुला भएको दाबी गरेको छ। मन्त्रालयका प्रवक्ता दीपक शर्माले सरकारको निर्देशनबमोजिम असोज १ गतेदेखि मात्र वैकल्पिक माध्यमबाट पढाइ शुरु हुने भएको बताउँदै त्यस अघिको प्रक्रिया सञ्चालन गर्न बाधा नहुने स्पष्ट पारेका छन्।

उनले भने- 'मन्त्रालयले केही दिनमा कार्ययोजना सार्वजनिक गरी असोज १ गतेबाट पढाइ शुरु गर्ने तयारी गरिरहेका छौं, त्यसअघिका प्रक्रिया शुरु गर्न कुनै बाधा हुनेछैन।' प्रधानमन्त्री केपी ओलीको निर्देशनपछि मन्त्रालयले कार्ययोजना निर्माण गरिएको छ। कार्ययोजनामा कति दिन पढाउने, कहिलेसम्म कोर्स पूरा गर्नेलगायत सम्पूँर्ण विषय समावेश गरिएको हुन्छ। मन्त्रालयले पाठ्यभार समायोजनको विषयसमेत कार्ययोजनामा समाविष्ट गर्ने भएको छ। त्यसअघि मन्त्रालयले शुल्क, भर्ना, कक्षा सञ्चालनलगायतका विषयमा आइतबारभित्र सार्वजनिक सूचना जारी गर्ने तयारी गरेको छ। यसअघि स्थानीय सरकारको अधिकार हस्तक्षेप गरी मन्त्रालयले निजी विद्यालयले सञ्चालन गरेको अनलाइन कक्षाको शुल्क नलिन निर्देशन दिएको थियो।

सोही निर्देशन फुकुवा गर्न मन्त्रालयले सबै स्थानीय तहलाई पत्राचार गर्ने तयारी गरेको छ। ढिलो भए पनि मन्त्रालयले निर्देशिका जारी गरेकोमा निजी विद्यालयको दुई संस्था प्याब्सन र एनप्याब्सनले खुसी व्यक्त गरेका छन्। प्याब्सन अध्यक्ष टीकाराम पुरीले यो निर्णयले निजी विद्यालयका शिक्षक, कर्मचारीलगायत सरोकारवालालाई राहत पुगेको बताए। उनले भने- ' निर्णय कार्यान्वयन गर्ने विषयमा मन्त्रालय र स्थानीय निकायले पूर्ण सहयोग गर्नुपर्छ।' निर्देशिकाको ३० नम्बर बुँदामा स्थानीय तहले स्वीकृत गरेबमोजिम शुल्क लिन पाइने उल्लेख गरिएको छ। निर्देशिकामा अधिकांश अधिकार स्थानीय तहलाई दिएको छ। १० नम्बर बुँदामा पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको पाठ्यवस्तु समायोजन गर्ने अधिकार स्थानीय तहको शिक्षा शाखालाई दिएको छ। पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम समायोजन गरी सोही आधारमा कक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। शिक्षकले साप्ताहिक कार्यप्रगति विवरण प्रधानाध्यापकसमक्ष अनिवार्यरूपमा पेश गर्नुपर्ने र प्रअले सबै शिक्षकको कार्यप्रगति विवरण पाक्षिकरुपमा कार्यप्रगति स्थानीय तहको शिक्षा हेर्ने कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ।

चैत ४ गतेबाट विद्यालय बन्द भएपछि सामुदायिक विद्यालयका अधिकांश शिक्षकले पढाएका छैनन्। केही विद्यालयले मात्र अनलाइन विधिबाट पठनपाठन सुरू गरेका छन्। पाठ्यक्रम विकास केन्द्रले करिब ३० प्रतिशत पाठ्यवस्तु समायोजन गरी वैकल्पिक विधिबाट ८ सय १६ घण्टा पढाउने गरी योजना तयार गरेको छ। यसो गर्दा यो वर्षको शैक्षिकसत्रको सुरूवात असोजबाट हुने देखिएको छ। तर अधिकांश निजी विद्यालयले जेठदेखि नै पठनपाठन सुरू गरिसकेका छन्। निर्देशिकामा कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारीजस्ता कारणले नियमित पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफएम रेडियो, टेलिभिजन, अनलाइन, परियोजना पाठ, स्वाध्ययन, दूर तथा खुला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन, अध्यापन सुचारु राख्ने विधिलाई वैकल्पिक प्रणाली भनेर उल्लेख गरेको छ।

निर्देशिकामा सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका, रेडियो, एफएम रेडियोमा पहुँच भएका, टेलिभिजनमा पहुँच भएका, कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका र इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका समेत गरी पाँच विषयमा वर्गीकरण गरेको छ। यो प्रणालीअन्तर्गत कक्षा सञ्चालन हुनासाथ सोबमोजिम समूह विभाजन गरिएका विद्यार्थीहरूको सिकाइ सहजीकरणको मँल जिम्मेवारी

बाँकी पृष्ठ ४ मा

# देउवाविरुद्धको मोर्चाबन्दीमा सिटौला मौन



–लोकेन्द्र भट्ट

काठमाडौं। नेपाली काँग्रेसको १४ औं महाधिवेशनको मिति नजिकिँदै गएसँगै वरिष्ठ नेता रामचन्द्र पौडेल समूहले सभापति शेरबहादुर देउवाविरुद्ध मोर्चाबन्दी कसिलो बनाइरहँदा अर्का नेता कृष्णप्रसाद सिटौला भने अझै पनि 'पर्ख र हेर' कै अवस्थामा देखिएका छन्। पौडेल समूहले विभाग गठन, क्रियाशील सदस्यता वितरणमा अपारदर्शीता, भ्रातृ संस्थाको म्याद थपलगायत विषयलाई मुद्दा बनाएर पार्टीभित्र संघर्ष गरिरहेको बेला सिटौला भने 'करिब मौनता' कै अवस्थामा रहेका हुन्।

गत फागुनको तेस्रो साता सभापति देउवाले सहमतिवेगर ४७ विभाग मध्ये २० वटा विभाग गठन गरेपछि पौडेल समूह निरन्तर संघर्षमा छ। देउवालाई रोक्न सुरुमा पौडेल समूहले साउन १ मा राधेश्याम अधिकारी नेतृत्वको पार्टी निर्वाचन समितिको साहरा खोजेको थियो। पार्टी विधान विपरीतका गतिविधि रोक्न र पहिलो गरिएका निर्णय खारेजीको मागसहित निर्वाचन आचारसंहिता देखाउँदै पौडेल र महामन्त्री शशांक कोइराला र कोषाध्यक्ष सीतादेवी यादवले पार्टीको निर्वाचन समितिमा उजुरी दिएका थिए। उक्त उजुरीको समितिबाट कुनै सुनवाइ भएन। त्यसपछि नेता पौडेल र महामन्त्री कोइरालाले १५ साउनमा लिखित रुपमै विरोधपत्र पनि दिएका थिए। त्यसपछि सोही दिन उनीहरुले सभापतिका पछिल्ला निर्णय फिर्ता हुनुपर्ने भन्दै पार्टी कार्यालयमा पत्रकार सम्मेलननै गरी सार्वजनिक रुपमा विरोध जनाएका थिए। त्यसयता पनि पौडेल समूहले विभिन्न फोरमबाट देउवाको विरोध गर्दै आएको छ। तर सभापति शेरबहादुर देउवाले पौडेल समूहको मागको सुनुवाइ गर्नुको साटो विभागहरु गठन र विस्तारलाई जारी नै

बाँकी पृष्ठ ४ मा

# पूर्वीद्वारको समृद्धि बन्दै मेची पुल



–सन्दर्भ समाचारदाता

भद्रपुर। समृद्ध नेपाल सुखी नेपाली नारा सुन्ने मात्र होइन एउटा सानो समृद्धिले कति परिवर्त गर्दो रहेछ भन्ने कुरा काँकरभिट्टा स्थित मेची पुल र एसियन हाइ वेको एप्रोच सडकलाई हेर्दा प्रष्ट हुन्छ।

सामान्यतया नेपाल सरकारबाट निर्माण सुरू भएका कुनै पनि संरचना १० वर्ष अगाडि पूरा भएको तथ्य भेटिदैन तर ३ वर्ष अगाडि भारतीय पक्षले निर्माण थालेको ६ लेण्डको क्षमता रहेको मेची पुल सम्पन्न हुँदा काँकरभिट्टा आन्तरिक पर्यटनको केन्द्र बन्दै छ। सहज वातावरण पश्चात सो पुल चल्दा व्यापारिक कारोवारमा निकै परिवर्तन आउने छ। जसले पूर्वी नेपालको समृद्धिमा एउटा इटा थप्ने निश्चित छ।

२०७४ सालबाट औपचारिक रूपमा काम सुरू भएको काँकरभिट्टा स्थित मेची पुलको निर्माण अन्तिम चरणमा पुगेको छ।

२०७३ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय समकक्षी नरेन्द्र मोदीले पुल निर्माणको लागि सम्झौता गरेपछि निर्माण सुरू भएको सो पुलको ९० प्रतिशत बढी काम सम्पन्न भएको हो।

६ लेन चौडाइ क्षमताको सो पुल ६ सय ७५ मिटर लामो रहेको छ। पुलमाथिको काम लगभग सकिए पनि एसिन हाइ वे अर्न्तगत डेढ किलोमिटर एप्रोच सडक निर्माणको कार्य अन्तिम चरण पुगेको जनाइएको छ। पुल र सडकको सम्बन्ध जोडिएयता नेपाल भारत प्रवेशद्वार काँकडभिट्टा पुग्दा नौलो ठाउँको अनुभूति हुन थालेको छ।

सधैं भीडभाड र अव्यवस्थित आवागमन देखिने काँकरभिट्टा पानीट्यांकी सडकलाई नयाँ पुलले काँचुली फरिदिएको छ। ५ सय मिटर पहुँच मार्ग निर्माणका लागि पुराना संरचना सबै भत्काइएपछि बनिएका फराकिलो र चिटिक्क परेको सडक सवैको आकर्षणको केन्द्र बनिएको छ। यस बीचमा निर्माण पक्षले पुलदेखि काँकडभिट्टा बसपार्क क्षेत्रसम्म चार लेन सडक, ढलसँगै विद्युतीय पोल राख्ने काम सम्पन्न गरेको छ। साँझको समयमा बाटो वरिपरि राखिएका बत्तीले मनोरम दृष्य देखिने स्थानीयको भनाइ छ। नयाँ पुलसँगै काँकडभिट्टा क्षेत्रको संरचनात्मक काँचुली फेरिएको छ।

एशियाली विकास बैंकको एक अर्ब तीन करोड ७८ लाख भारतीय रुपैंयामा निर्माण भएको पुलले अन्तर्राष्ट्रिय व्यापारमा ठूलो सहयोग पुग्ने झापाका उद्योगी व्यावसायीहरूको अपेक्षा छ।




**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**
**जनहितमा जारी सूचना**
- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं।

**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**
**जनहितमा जारी सूचना**
- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं।

**रोश्नी ज्वेलर्स**
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रसायन


**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१० (चन्द्रगढी), झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२९२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा बिक्रेता


श्री ......................................................................................., ठेगाना ............................................



# अर्जुनधारा नगरपालिकाले बनाएको क्वारेन्टाईन झापाकै ब्यबस्थित

–सन्दर्भ समाचारदाता

भद्रपुर । झापाको अर्जुनधारा नगरपालिकाले बनाएको क्वारेन्टाईन झापाकै ब्यबस्थित र उत्तम भएको त्यहाँ बस्नेहरुले बताएकाछन् । "राम्रो खानेकुरा टन्न खान दिएको छ, विहान खाजा, अनि भात दिउँसो फेरि खाजा अनि बेलुका खाना । खानेकुरा पनि राम्रो छ, खान सकेजति दिएको छ, सुत्ने ठाउँ पनि राम्रो, वाइफाइको सुविधा छ, अनि के खोज्नु ?"-यो भनाई, अर्जुनधाराको क्वारेन्टिनमा बसेका भारतीय सुरक्षाकर्मी गोर्खा रेजिमेन्टका एक नेपाली हो । भारतीय नेपाली सुरक्षाकर्मीका रुपमा राजस्थानमा कार्यरत उनी १३ दिन अघि नेपाल आइपुगेका हुन् । क्वारेन्टिनमा खान र बस्न राम्रो छैन भन्ने सुनेका उनले होम क्वारेन्टिनमा बस्न निकै जिद्दी गरेका थिए । तर, कतैबाट पनि सुनुवाई नभएपछि बाध्य भएर अर्जुनधारा नगरपालिकाले शनिश्चरे मा.वि.मा स्थापना गरेको क्वारेन्टिनमा बस्न पुगेका उनीले निस्कँदा, आफूले सोचे भन्दा फरक पाएको बताए । क्वारेन्टिन राम्रो छैन भन्ने हल्ला पल्टनमै सुनेकाहुँदा, उनले होम क्वारेन्टिनमा बस्न आग्रह गर्दा नपाएको बताउँदै भने,-'केही गर्दा छोड्दो रै'नछ त, पिसिआर रिपोर्ट नआउञ्जेल कसरी काट्नु जस्तो लागेको थियो' उनले थपे- 'तर भित्र पसेपछि त्यस्तो रहेनछ । क्वारेन्टिनमा बस्नेलाई सुत्ने, खाने, सामाजिकदूरी, सरसफाइ सवै चित्तबुझ्दो व्यवस्था रहेछ ।' एकमहिनाको छुट्टी लिएर परिवार भेट्न आएका उनले भने ।

ओमानबाट आएर क्वारेन्टिनमा बसेका अर्का एकजना पनि क्वारैन्टाइनको ब्यवस्था प्रति सन्तुष्टि जनाउँदै कम्पाउण्ड सबै सफा गरेको उनले बताए । उनले भने, "कोही निहुरिएका थिएनन् -हामी दुई भाईले कागज टिप्न थालेपछि सबै हुरुरु आए । एकैछिनमा कति सफा भयो । रिपोर्ट नेगेटिभ आएपछि छुट्टिपनि पाइयो । "

गत चैत्र ११ गतेदेखि कोरोना संत्रमण



जोखिम न्यूनिकरणका लागि देशरभर लकडाउन शुरु भएसगै स्थानीय तहले कोरोनाको लक्षण देखिएका तथा बाहिर (अन्यमुलुक) बाट आएका नेपालीहरुलाई राख्नका लागि छुट्टै क्वारेन्टिन बनाएका हुन् । सोही अन्तरगत अर्जुनधारा नगरपालिकाले शनिश्चरे माविमा १०० वेडको क्वारेन्टिन बनाएको नगरपालिकाका स्वास्थ्य इन्चार्ज मुकुन्द बस्नेतले जानकारी दिए ।

उनका अनुसार अहिलेसम्ममा ७०० जनाले क्वारेन्टिन अवधी पार गरेर गइसकेका छन् । ती मध्ये नगरभित्रका २२ र अर्जुनधारामा स्वाब संकलन गरिएका र अन्य स्थानीय तहका तीनसहित २५ जनामा कोरोना संक्रमण पुष्टि भएको बस्नेतले बताए । हाल ३५ जना क्वारेन्टिनमै रहेका छुन् । क्वारेन्टिनमा बस्नेलाई खाजा र खाना गरी चारपटक दिने व्यवस्था गरिएको बताउँदै भने-'अहिलेसम्म मिनिरल वाटर नै खुवाएका छौं, कसैको बर्थडे परेको भए जन्मदिन त्यहीं मनाउँछन्, साबुन, टुथपेष्टदेखि ओड्ने-ओछ्याउने एकसेट कपडा दिन्छौं ।'

क्वारेन्टिनमा बस्नेलाई घरैमा बसकेको जस्तो अनुभव गराउन नगरपालिकाले विभिन्न प्रयास गरेको प्रमुख प्रशासकीय अधिकृत पंकज भुर्तेलले बताए । नगरमा साहित्य, कला, तथा योगाभ्यास र मेडिटेसन सम्बन्धी नगरमै भएका विज्ञले भोलेन्टियर्स सर्भिस रहेको भुर्तेलले जानकारी दिए । नगरपालिकाले स्थापना गरेको क्वारेन्टिन संभवतः झापाको सबै भन्दा राम्रो हुनसक्ने उनको भनाई छ । चैतयता क्वारेन्टिनमा मात्र लगभग १ करोड खर्च भएको उनको भनाई छ । नगरपालिकाले क्वारेन्टिन ब्यवस्थानका लागि भएको खर्च प्रत्येक १५।१५ दिनमा सार्वजनिक गर्ने गरेको उनले बताए ।

## चीन–भारतका विदेशमन्त्री भेटः

# जारी तनाव कम गर्न पाँच बुँदे सहमति



–एजेन्सी

चीन–भारतको सीमाक्षेत्र लाइन अफ एक्चुअल कन्ट्रोल ९एलएसी० मा जारी तनाव कम गर्न दुई देशबीच पाँच बुँदे सहमति भएको छ। चिनियाँ विदेशमन्त्री वाङ यी र उनका भारतीय समकक्षी एस जयशंकरबीच बिहीबार रूसको राजधानी मस्कोमा भएको बैठकमा यो सहमति भएको हो । भारतीय समाचार एजेन्सी एएनआईले चिनियाँ विदेश मन्त्रालयको हवाला दिँदै सहमति भएको उल्लेख गरेको छ ।

यसैगरी सो भेटमा भारतीय विदेशमन्त्रीले भारतले सीमामा जारी तनावलाई भारतले थप बढाउन नचाहेको र चीनप्रतिको भारतको नीतिमा कुनै परिवर्तन नभएको बताएको सो एजेन्सीले जनाएको छ । यसैगरी भारतले चीनको आफूहरूप्रतिको नीतिमा पनि कुनै परिवर्तन नभएको भनेको छ । चिनियाँ विदेश मन्त्रालयले छिमेकी देश हुनुको नाताले केही मुद्दाहरूमा दुई देशबीचमा केही असहमति हुनु एकदमै स्वभाविक रहेको बताउँदै ती असहमतिलाई सही परिपेक्ष्यमा हेरिनु पर्ने भनेको छ ।

"चिनियाँ विदेशमन्त्रीले चीन–दुबैदेशका विदेशमन्त्रीबीच पनि बैठक हुने अनुमान गरिएको थियो बिहीबार भारतीय समय अनुसार करिब ८ बजे सुरू भएको दुई देशका विदेशमन्त्रीबीचको बैठक ३ घण्टा चलेको थियो ।

भारतको सम्बन्ध फेरी एकपटक दोबाटोमा उभिएको छ । तर जबसम्म दुबै पक्षले आफ्नो सम्बन्धलाई सही दिशामा बढाउँदै लगिरहनेछन् तबसम्म कुनै समस्या हुनेछैन र यस्तो कुनै चुनौति छैन जसलाई समाधान गर्न नसकियोस्," एएनआईले चिनियाँ विदेश मन्त्रालयको हवाला दिँदै लेखेको छ ।

दुबै देशका मन्त्रीहरू मस्कोमा चलिरहेको साङ्घाई कपीरेशन अर्गनाइजेसनको बैठकमा भाग लिन त्यहाँ पुगेका हुन् । गत साता पनि चीनका रक्षामन्त्री र भारतीय रक्षामन्त्रीबीच जारी विवादका बारेमा छलफल भएको थियो । छलफलपछि

विद्यार्थी परिचय पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-६ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६



मोडेल : निरिशा बस्नेत




अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलब्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ्ग-४, इलाम

विविध जातका फूलका बिरुवा तथा बिउबिजनका लागि हामीलाई सम्झनुहोस् ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा



निर्माण जगतमा मजबुद नाम मनषा सिमेन्ट







नेपाल स्वर्णकला भवन
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
म्यानेजिङ्ग डाइरेक्टर सुभाषरत्न शाक्य
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीबार पसल बन्द रहने छ ।



निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY



LG Whirlpool CORPORATION
एल जी, व्हर्लपूल लगायत ब्राण्डका विद्युतीय घरायसी सामानहरुका लागि सम्झनु होस्
अमृत इन्टरप्राइजेज
भद्रपुर-७ (चन्द्रगढी), झापा

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। व्यवस्थापक : गोविन्द कोइराला । प्रमुख सम्वाददाता:राधा खनाल। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु प्रिन्टीङ् प्रेस, विर्तामोड

## सम्पादकीय

### समाजवाद उन्मुख राज्य व्यवस्था यही हो सरकार ?

६ महिनायता तलव बिहिन भएका निजी विद्यालयका शिक्षक कर्मचारीको समस्या सम्बोधन नगरी सरकारले विद्यालय सञ्चालकलाई शुल्क उठाउन पाउने निर्णय गर्दै निर्देशिका मार्फत विद्यार्थी भर्ना खुल्ला गरिदिएको छ । बन्दाबन्दीको बाहना बनाएर २०७६ चैत्रयता शिक्षक कर्मचारीलाई तलव नदिएका अधिकाम्स विद्यालय सञ्चालकले भने शुल्क उठाउन पाउने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्देशिका जारी गरेको हो । मन्त्रालयले अनलाइन भर्ना र विद्यार्थी अभिलेखिकरण प्रक्रिया सुरू भएको प्रष्ट पारेको छ । कोभिड-१९ को कारण ५ महिनादेखि ठप्प रहेको पठनपाठन सुरू हुने अवस्थामा पुगेको छ । विद्यार्थी सिकाइ निर्देशिक-२०७७ जारी भएलगत्तै मन्त्रालयले विद्यालयमा उपस्थित नभई भर्ना, विद्यार्थी अभिलेखीकरण र शिक्षकलाई विद्यालयको सम्पर्कमा रहने बाटो खुला भएको बताइएको छ । सरकारको निर्देशनबमोजिम असोज १ गतेदेखि मात्र वैकल्पिक माध्यमबाट पढाइ सुरू हुने बताइ रहँदा निजी विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको समस्या हल गर्ने निर्देशन जारी भएन । ६ महिनायता तलव बिहिन भएका शिक्षक कर्मचारीको पक्षमा सरकार समेत नरहँदा श्रमजीवि वर्गप्रति अपहेलना भएको अवस्था छ । सर्वहारा वर्गको प्रतिनिधि भनेर चिनाउन रूचाउने कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार छ । तीन तहको सरकार रहेको संघीय नेपालमा सवै तहमा कम्युनिस्टमय राज्य व्यवस्था छ तर चरित्रले सरकारी रवैया उग्र सामन्तवादकै बाटो हिडिरहेको प्रष्टिदै छ । विगतका शासकले समाजवादी राज्य व्यवस्था स्थापना गर्न सकेनन् भनेर विकल्पका रूपमा रोजेको कम्युनिस्ट पार्टी श्रमजीवि वर्गका लागि सारथी बन्न नसकेको निजी विद्यालयका शिक्षक कर्मचारीप्रतिको बेवास्ताले प्रष्ट पारेको छ ।

पछिल्लो पटक जारी निर्देशिकाको ३० नम्बर बुँदामा स्थानीय तहले स्वीकृत गरे बमोजिम शुल्क लिन पाइने उल्लेख गरिएको छ । निर्देशिकामा अधिकांश अधिकार स्थानीय तहलाई दिएको छ । १० नम्बर बुँदामा पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको पाठ्यवस्तु समायोजन गर्ने अधिकार स्थानीय तहको शिक्षा शाखालाई दिएको छ । पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम समायोजन गरी सोही आधारमा कक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । शिक्षकले साप्ताहिक कार्यप्रगति विवरण प्रधानाध्यापकसमक्ष अनिवार्यरूपमा पेश गर्नुपर्ने र प्रअले सबै शिक्षकको कार्यप्रगति विवरण पाक्षिकरुपमा कार्यप्रगति स्थानीय तहको शिक्षा हेर्ने कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । तर, भोकमरीमा परेका शिक्षक कर्मचारीलाई विद्यालय सञ्चालकहरूले दिनु पर्ने पारिश्रमिकका बारेमा कुनै उल्लेख नगरिएकोकारण सञ्चालक र कामदार बीच द्वन्द्व निम्तने देखिएको छ । आश्वासनका भरमा काममा जानु पर्ने वर्तमानमा शिक्षक कर्मचारी आन्दोलनमा जाने अवस्था आउन सक्ने देखिएको छ । सरकारी पक्षले यसखाले परिस्थितिलाई नजरन्दाज गरिरहेको छ ।

चैत ४ गतेबाट विद्यालय बन्द भएपछि सामुदायिक विद्यालयका अधिकांश शिक्षकले पढाएका छैनन् । उनीहरूले नियमित पारिश्रमिक बुझी रहेका छन् तर संस्थागत विद्यालयमा कुनै न कुनै माध्यमबाट पढाइ रहेका शिक्षकहरू पारिश्रमिक बिहिन छन् । यस विभेद अन्त्य गर्न राज्यको भूमिका सून्य रहनु नै द्वन्द्व जन्मने कारण निर्माण हुनु हो । पाठ्यक्रम विकास केन्द्रले करिब ३० प्रतिशत पाठ्यवस्तु समायोजन गरी वैकल्पिक विधिबाट ८ सय १६ घण्टा पढाउने गरी योजना तयार गरेको छ । यसो गर्दा यो वर्षको शैक्षिकसत्रको सुरूवात असोजबाट हुने देखिएको छ । तर अधिकांश निजी विद्यालयले जेठदेखि नै पठनपाठन सुरू गरिसकेका छन् । निर्देशिकामा कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारीजस्ता कारणले नियमित पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफएम रेडियो, टेलिभिजन, अनलाइन, परियोजना पाठ, स्वाध्ययन, दूर तथा खुला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन, अध्यापन सुचारू राख्ने विधिलाई वैकल्पिक प्रणाली भनेर उल्लेख गरेको छ । विद्यार्थीहरूको सिकाइ सहजीकरणको मूल जिम्मेवारी विद्यालयले तोकेको शिक्षकको हुने व्यवस्था गरिएको छ । निर्देशिकाअनुसार अब स्थानीय तहको अनुमतिमा विद्यालयले वैकल्पिक शिक्षाबाट पढाएवापत शुल्क लिने बाटो खुलेको छ ।

निर्देशिकामा शिक्षकले विद्यार्थीको मूल्यांकन गरी नतिजा तयार गर्ने, आफ्नो कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, विद्यार्थीको प्रभावकारी संलग्नता सुनिश्चित गर्ने, पाठ्यवस्तु संकुचन गरिएको अवस्थामा सोही आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्ने उल्लेख गरिएको छ । सवै सुविधा पाइरहेका सरकारी विद्यालयका शिक्षक कर्मचारी आफूले काम गर्ने विद्यालय नटेकेको ५ महिना भयो तलव भत्ता नियमित छ तर अधिकाम्स समय विद्यालयलाई नै दिइरहेका निजी विद्यालयका शिक्षक काम गरेर पनि तलव बिहिन छन् । काममा प्रमुख जिम्मेवार बनाइएका शिक्षकहरूमा सरकारी रवैयाले नै विभेदको अवस्थामा छन् । यस खाले सरकारी रवैया अन्त्य नभएसम्म विद्यालय शिक्षाको स्तर उन्नत बन्न सक्ने छैन । सरकारको यस निर्णयले श्रमजीविको भलाइभन्दा लगानी कर्ताको नाफालाई संरक्षण गरिरहेको छ । जमाजवाद उन्मुख राज्य व्यवस्था यही हो त ?

# कोरोनाको लडाइँमा सरकार चुकेका ६ ठाउँ



–डा. अनूप सुवेदी

कोरोना व्यवस्थापनमा सरकार सुरूदेखि नै धेरै कुरामा चुकेको छ । तीमध्ये सरकारका ६ कमजोरीलाई यहाँ मैले बुँदागत रूपमा उल्लेख गरेको छु ।

१. समस्या आकलन गरी क्वारेन्टाइन र आइसोसेलन व्यवस्था गर्न नसक्नू:

कुनै पनि समस्या विकरालताको समयमै अनुमान र आकलन गर्ने हाम्रो क्षमता साह्रै कमजोर देखियो। त्यसै कारण पटक पटक धेरै कुरामा हामी चुक्यौं। यसमध्ये एक हो क्वारेन्टाइन र आइसोलेसन व्यवस्था । भारतसँग हाम्रो खुला सीमा छ । त्यहाँ संक्रमण बढ्दै जाँदा स्वभाविक रूपमा नेपालीहरू स्वदेश आउनेवाला थिए । तर त्यसको सामान्य आकलन पनि गर्न नसकेर सीमामा पूर्व तयारी गरेनौं । क्वारेन्टिन र आइसोलेसन बनाउन पनि सुरूदेखि नै तदारुकता देखाएनौं । अन्य देशका तुलनामा नेपालमा संक्रमण धेरै पछाडि भित्रिएको हो । त्यो बेला हामीलाई क्वारेन्टिन र आइसोलेसन जस्ता पूर्वाधार बनाउने समय पर्याप्त थियो ।

कम्तीमा भारतबाट आउनेलाई सुरूमा होल्डिङ क्वारेन्टिनमा राख्न, तुरुन्तै परीक्षण गरेर पोजेटिभ देखिएकालाई आइसोलेसनमा राख्न र बाँकीलाई दोस्रो क्वारन्टिनमा राख्न सक्नु पर्थ्यी । तर सीमाबाट आएकालाई क्वारेन्टिनमा राख्ने त परै जाओस्, अधिकांशलाई परीक्षणै नगरी घर पठाइयो । जसले गर्दा संक्रमण क्वारेन्टिन केन्द्रभरि फैलियो । अनि पिसिआर नगरी घर पठाइदिँदा जिल्ला( जिल्लाका समुदायमा फैलिन मद्दत पुग्यो ।

विमानस्थल हुँदै अन्य देशबाट आउनेबाट जोखिम हुनसक्छ भन्ने कुरा पनि गम्भीरतापूर्वक सोचिएन । सबै सुरक्षाको भर विमानस्थलमा भएको एउटा थर्मल स्क्यानरमा गरियो । सरकारले त्यसैलाई मात्र सही रूपमा काम गर्न सक्ने बनाउन पनि एक डेढ महिना लगायो । क्वारेन्टिन व्यवस्थापन गैर(जिम्मेवार देखिँदा राजनैतिक नेतृत्वले अहिलेसम्म न आफूबाट, न अरू कसैबाट जवाफदेहिता मागेको छ ।

२. तथ्यांक र सूचनामा कमजोरीः

सरकारसँग तथ्यांक र विज्ञान पछ्याएर निर्णय लिने क्षमता देखिएन । यो बेला विभिन्न देशले एकअर्काको अभ्यास हेरेर प्रभावकारी कदम सिको गरेका छन् । तर हामीले विश्व परिवेश भएका अभ्यासमा ध्यानै दिएका छैनौं । अरू देशले कोरोनाविरुद्ध विकास भइरहेको खोपमा व्यापक चासो देखाएका छन। बंगलादेशले पनि खोप प्रभावकारी ठहर हुनेबित्तिकै आफ्ना जनतालाई दिने गरी अहिलेदेखि नै तयारी थालेको छ । तर नेपालमा त्यसरी चासो दिइएको पाइएको छैन । हाम्रो हरेक कुरामा ढिला गर्ने बानी भएर पनि होला, त्यस्ता कुरा सिकाउन खोज्नेलाई समेत सरकारले निरूत्साहित गर्‍यो । सलूलाह लिने विषयमा सरकारले लचकता देखाएन । वास्तविक सलूलाह( सुझाव वेवास्ता गर्ने र पार्टीनिकट विज्ञका कुराअनुसार सरकार निर्देशित भयो । सरकारले बरू विचौलियाको कुरा सुन्ने गरेको छ । अहिले पनि विचौलियाकै सुनेर एन्टिजेन परीक्षण तयारी थालेको छ । आरडिटी परीक्षणले जसरी फसायो, त्यसरी नै यो एन्टिजेनले फसाउनेछ । हिजो आरडिटीमा भर पर्दा संक्रमण फैलियो । अब फेरि त्यही अवस्था निम्त्याउने कदम हामी चालूदैछौं त्यस्तै तथ्यांकहरू कसरी तयार गर्ने, कसरी सार्वजनिक गर्ने र पारदर्शी तथा विश्वसनीय बनाउने, कसरी समीक्षा गर्ने भनेर ढंग पुर्‍याउन पनि सकेनौं सरकारले तथ्यांकको महत्व बुझेन । स्वास्थ्य मन्त्रालयअन्तर्गतका निकायमै एउटाको तथ्यांक अकीलाई थाहा हुँदैन । उदाहरण, अहिले पनि कति प्रतिशत संक्रमितको कन्ट्याक्ट ट्रेसिङ भएको छैन, साँच्चै लक्षण भएका कति प्रतिशत पिसिआर जाँच गर्न गइरहेका छन्, विभिन्न ठाउँमा परीक्षणक नतिजा दिन लाग्ने सरदर समय कति छ, आदि कुरा कसैलाई थाहा छैन ।

सरकार सही सूचना सबैले बुझ्ने गरी, विश्वसनीय, पारदर्शी रूपले सञ्चार गर्न पनि असफल देखियो । यस्तो बेला जनतामाझ कस्तो सूचना कसरी पुर्‍याउने भन्ने महत्वपूर्ण हुन्छ । सूचना सम्प्रेषण गर्दा सबैको विश्वास जित्ने र दुविधामा नपर्ने गरी गर्नुपर्ने हो । तर भएन । सञ्चार भनेको नेपाली भाषामा बोलूनु मात्र होइन । हाम्रो समुदायमा विभिन्न भाषा बोलिन्छ । सरकारले त्यस्ता क्षेत्रमा बोलिचाली भाषामा सूचना प्रदान गर्नु पर्छ । बरू ह्याछ्युँ गरेर कोरोना उडाइदिनुपर्छु भन्ने खालका हलुका ठट्टा भए । यसले आममानिसमा कतिसम्म भ्रम र नकारात्मक असर पर्छ भन्ने हेक्का राखिएन । जसको हिसाबकिताब हामीले अहिले भोग्नु परेको छ । त्यस्तै लकडाउन खुलेपछि केही निश्चित क्षेत्रले के(के गर्ने भनेर निर्देशिका त बनाइयो तर त्यो आम मान्छेले भेट्टाउन सक्दैन । मन्त्रालयकै मान्छेले समेत भेट्टाउँदैन ।

३. तयारीमा दुरदर्शीता अभावः

सरकारले आफ्नो धरातलीय बाध्यता र सबल पक्ष मनन गर्दै तयारीमा दुरदर्शीता देखाउन सकेन । महामारी बढ्दै जाँदा परीक्षण कति चाहिन्छ, दिनको दसौं हजार पिसिआर चाहिने अवस्था आयो भने कसरी धान्ने भन्ने जस्ता सामान्य कुरामा सरकारको बुझाइ काँचो देखियो । ड्राइ स्वाब, डाइरेक्ट पिसिआर, पुल टेस्टिङ आदि जस्ता पिसिआरलाई सस्तो, सजिलो र छिटो बनाउन सक्ने विधिहरू अहिलेसम्म उपयोग गर्न सकिएको छैन । जीन एक्सपर्ट विधिबाट पनि परीक्षण गर्न सकिन्थ्यो । जीन एक्सपर्टबाट परीक्षण गर्दा अन्य ल्याबमा जस्तो धेरै सुरक्षा चाहिँदैन । एक घन्टामै नतिजा दिन सक्छ । सुरूमा जीन एक्सपर्टका परीक्षण किट लूयाउन नसकिएको हो, तर यतिका महिनामा त पाइन थालेको हुनुपर्छ । बीचमा हजारौं किट कसैले दिएका पनि हुन्, तर त्यो प्रयोग गरेर नेपालमा निदान गर्न थालेको सुनिएन । अहिले पनि सबैतिर परीक्षण गर्न पर्याप्त किट लूयाउन सकिन्न भने, कम्तीमा नाकाहरूमा राखेर सामान ढुवानी गर्ने ट्रक चालक र सहचालकको परीक्षण गर्न सक्छौं ।

सुरूआती चरणमा परीक्षण गर्न नपाएर धेरै स्वाब प्रयोगशालामै थन्किए । त्यो बेलै प्रयोगशालाको क्षमताले नधान्दा हामीले पुल टेस्टिङ गर्नुपर्छ भन्यौं । सुरूआती बेलामा संक्रमण अहिलेजस्तो समुदायस्तरमै पुगेको पनि थिएन । त्यसैले त्यो बेला पुल टेस्टिङ गरेर रिएजेन्ट किट जोहो गर्न सकिन्थ्यो । तर सरकारले चासो देखाएन । पछि प्रयोगशालाहरूमा ३० हजार वटासम्म स्वाब पालो कुर्दै थन्किएर बसेपछि मात्र सरकारले पुल टेस्टिङको निर्णय गर्‍यो । तर केही दिन गर्नेबित्तिकै छोडिदियो । पिसिआर परीक्षणमा यतिका महिनासम्म धेरै समस्या आए । सुधारका अवसर पनि थिए, तर गरिएन ।

४. कन्ट्याक्ट ट्रेसिङ प्रभावकारी नहुनूः

हामीले कन्ट्याक्ट ट्रेसिङ प्रभावकारी रूपले गर्ने संयन्त्र बनाउन सकेनौं । कुनै पनि महामारीविरुद्ध लड्न, विशेषगरी प्राविधिक क्षमतामा कमजोर हाम्रो जस्तो देशका निम्ति सबभन्दा ठूलो हतियार भनेकै व्यापक ट्रेसिङ र क्वारेन्टिन र आइसोलेसन हो भन्ने अझै बुझ्न सकेका छैनौं । अहिले जसरी ट्रेसिङ भइरहेको छ, त्यो पर्याप्त छैन । साँच्चिकै ट्रेसिङ चुस्त बनाउने हो भने अहिलेभन्दा धेरै गुणा बढी प्रभावकारी बनाउनुपर्छ । संक्रमितलाई पाँच(सात दिनसम्म फोन आउँदैन । त्यतिन्जेल ती संक्रमितले अरूमा सार्ने सम्भावना कति रहन्छ ? स्वयं संक्रमितलाई फोन गरेर सूचना दिन ढिलाइ भइरहेको अवस्थामा संक्रमितको सम्पर्कमा आएकाको बेलैमा ट्रेसिङ भइरहेको छ भनेर कसरी पत्याउने ? मुख्य भनेकै संक्रमितलाई तुरुन्त ट्रेसिङ गरेर आइसोलेट गर्ने हो, हुन सकेको छैन ।

कन्ट्याक्ट ट्रेसिङ एकदम सामान्य कुरा हो । अरू देशमा यसको अभ्यास सय वर्ष पहिलेदेखि हुँदै आएको छ । यति हो, अरू देशले सय वर्षअगाडि सिकेको कुरा हामी अहिले पनि सिक्न सकेका छैनौं । ट्रेसिङ अहिले मात्र काम लाग्ने कुरा होइन । भोलि एक वर्षपछाडि फेरि अकी महामारी आउला, त्यो बेला पनि ट्रेसिङ गर्नुपर्छ । यदि जनस्वास्थ्य प्रणालीमा यसलाई प्रभावकारी रूपमा गर्न सक्ने संयन्त्र अहिले बनाउन सकिएन भने अकी महामारीमा यस्तै दुःख पाइनेछ । यो सामान्य कुरा पनि हामीले बुझ्न सकेका छैनौं ।

५. प्रणालीमा दुरगामी सुधार र परिवर्तन गर्न नसक्नूः

यो प्रणालीमा दुरगामी सुधार र परिवर्तन गर्नुपर्ने बेला हो । तर हामीले हचुवा नीति मात्र लिएका छौं जसले गर्दा अकी महामारी आउने बेला पनि उस्तै असुरक्षित हुने अवस्था देखिएको छ । संकटलाई खेर जान दिनु हुँदैन, भनिन्छ अर्थात् यस्तै संकटबेला समग्र राष्ट्रले महत्त्वपूर्ण मुद्दामा एकबद्ध भएर अठोट गर्न सक्छ । प्रणालीमा दुरगामी सुधार र परिवर्तन गर्ने अवसर मिलूछ । यस्तो दुरगामी लगानी गर्न सकिने अकी उदाहरण अस्पतालमा संक्रमण नियन्त्रणका पूर्वाधार बनाउनु हो । पछिल्लो समय अस्पतालहरू नै संक्रमण स्रोत भइरहेका छन् । स्वास्थ्यकर्मी नै भाकाभक संक्रमित हुन थालेका छन् । सरकारले अस्पतालबाट कसरी सुरक्षित सेवा प्रदान गर्ने भनेर आवश्यक तरिका सिकाएको देखिँदैन । भोलि धेरै स्वास्थ्यकर्मी संक्रमित हुन थाले भने महामारीसँग लडिरहेका बेला हामीले सोचेभन्दा ठूलो क्षति बेहोर्नुपर्ने हुन्छ । अस्पतालमा संक्रमण नियन्त्रणको सधैं रहने प्रणाली बनाउने, नेगेटिभ प्रेसर कक्षहरू बनाउने आदि अहिले नगरे कहिले गर्ने ?

दुरगामी सुधार खाँचो रहेको एउटा उदाहरण हो, अक्सिजन आपूर्तिको दीर्घकालीन सुनिश्चितता दिने । भोलि हामीलाई अक्सिजनको ठूलो समस्या हुनेवाला छ । झन् कोरोनाले श्वासप्रश्वासमै समस्या पार्ने भएकाले अक्सिजन धेरै आवश्यक पर्छ । त्यसका लागि सरकारले महिनौंअघि नै अक्सिजन प्लान्टहरू बनाउन थालूनुपर्ने हो । भुइँचालोका बेलामै भारतबाट अक्सिजन सिलिन्डर नआउँदा ठूलो समस्या भोग्नु परेको थियो । उबेलै त्यस्तो समस्या भोगेपछि सरकारको अहिले पनि चेत खुलेको छैन । अक्सिजन प्लान्ट बनाउन धेरै ठूलो खर्च र समय लाग्ने पनि होइन ।

६. ग्रामीण स्वास्थ्य सेवाको स्तरोन्नतिबारे नसोच्नूः

यो समय ग्रामीण स्वास्थ्य सेवाको कसरी स्तरोन्नति गर्ने भनेर सोच्ने बेला हो । विशेषगरी ठूला सहरबाहिर "क्रिटिकल केयर" सेवा पटक्कै छैन । सहरमै पनि यससम्बन्धी चिकित्सक कम छन् । तर हामीसँग धेरै "एमडिजिपी" स्वास्थ्यकर्मी हुनुहुन्छ जो सबै प्रकारका उपचारमा खटिन सक्ने स्वास्थ्यकर्मी हो । उहाँहरूमा सामान्य शल्यक्रियादेखि धेरै सेवा दिन सक्ने क्षमता हुन्छ । अहिले नै हामी जिल्ला(जिल्लामा बसिरहेका त्यस्ता स्वास्थ्यकर्मीलाई सरकारले उपलब्ध गराउन सक्ने उपकरण आदि उपयोग गरेर सेवा दिन सकिने क्रिटिकल केयर तालिम दिन सक्छौं । क्रिटिकल केयरका विशेषज्ञ साथीहरूले आफूहरू तालिम दिन तयार रहेको बताउँदै आउनुभएको छ । तर सरकारले नै त्यसमा चासो देखाएको छैन ।

कुनै पनि महामारीविरुद्ध लड्न तीन तहका वा प्रकारका समस्या र काम,कारवाही हुन्छन् ः प्राविधिक, व्यवस्थापकीय र राजनैतिक । प्राविधिक पाटोमा भन्नाले कति र कसको परीक्षण गर्ने, कस्ता किट प्रयोग गर्ने, ठाउँठाउँमा ल्याब छन्,छैनन्, परीक्षणमा संलग्न जनशक्ति दक्ष छ छैन, अस्पतालहरूमा संक्रमण नियन्त्रण, निरोध र उपचार कसरी गर्ने आदि पर्छन् ।

व्यवस्थापकीय पाटो भनेको तीन चार महिना अगाडि नै संक्रमण फैलिएको कुरा खुट्याएर व्यापक परीक्षण, कन्ट्याक्ट ट्रेसिङ र क्वारेन्टिन र आइसोलसेन बनाउने तथा सीमानाकामा कडाइ गर्ने लगायत हो ।

राजनैतिक पाटोले हेर्नुपर्ने भनेको महामारीविरुद्ध कामकारबाहीमा भ्रष्टाचारको छाया पर्न नदिने, विभिन्न तहका सरकारका काम समन्वय गर्ने, तल्ला तहका सरकारलाई समयमै उचित जिम्मेवारी, निर्देशन र सहयोग दिने लगायत हुन तर यी कुरामा धेरै कमजोरी भए । यत्रो महामारीसँगको लडाइँमा पनि हामीले भ्रष्टाचारका प्रश्नहरू उब्जिन दियौं । यी घटनाले सरकारको विश्वसनीयता र प्रभावकारीतामा कति नकारात्मक असर परेको छ, त्यो जगजाहेर छ । जुनसुकै पक्षबाट भए पनि महामारी लडाइँमा देखिएका विभिन्न असफलताको अन्तिम जिम्मेवारी राजनीतिक तहले नै लिनुपर्छ ।

यसबीचमा हाम्रो सबल पक्ष भनेको संघीय संरचना रहेछ भन्ने देखियो । कतिपय उदाहरण कस्ता छन् भने केन्द्र सरकार अकर्मण्य र नेतृत्वदायी भूमिका निर्वाह गर्न नसक्ने देखिँदा पनि स्थानीय सरकारले स्वस्फूर्त स्थानीय समस्या समाधान र व्यवस्थापन गरेका छन् । संघीयताले दिएको मनोवैज्ञानिक सशक्तिकरण र जिम्मेवारीबोधले त्यसो भएको हो । हामीले त्यो सबल पक्षलाई अहिलेभन्दा धेरै प्रभावकारी ढंगले सदुपयोग गर्न सक्थ्यौं ।

हामीसँग अझै पनि राम्रो अवस्थामा जाने अवसर छ । जुन रूपमा संक्रमणको भयावह स्थिति हुन्छ, हामी त्यो अवस्थामा अझै पुगेका छैनौं । माथिका कुरा समीक्षा गरेर सोहीअुनसार काम र सुधार गर्न सक्यौं भने हामी धेरै राम्रो ठाउँमा पुग्न सक्छौं ।

# मन्त्री, सांसद लगायतलाई नि:शुल्क पीसीआर, जनतालाई चाहिं किन महँगो शुल्क ?



–लोकेन्द्र ओली

कहिलेकाहीँ लाग्छ, एउटा सचेत नागिरक हुनु दुर्भाग्य हो, केही कुरा जान्नु र बुझ्नु पनि कतै अपराध त होइन ? नागरिक हुनुको हैसियतले नयाँ, फरक विचार केही



हुँदैन र छैन पनि तर संविधान, कानुनमा भएको व्यवस्था यस्तो छ है भन्ने मात्र हो । कानुनमा भएका व्यवस्थालाई नागरिकसमक्ष पुर्‍याउने आफ्नो कर्तव्य ठानेको छु, किनकि कानुन पालना गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु नागरिकका कर्तव्य हुने संविधानको धारा ४८ मा व्यवस्था छ । अकी कुरा अपराध भइरहेको देख्दादेख्दै त्यसबारेमा नबोलूनु, नरोक्नु पनि अपराध हो । त्यसकारण केही बोलूनु उपयुक्त नै हो ।

कोरोना भाइरसले लाग्ने कोभिड-१९ बाट विश्व नै प्रभावित छ । नेपालमा पनि यसबाट सङ्क्रमित र मृत्यु हुने दर बढेको बढ्यै छ । कोभिड देखापरेको करिब एक वर्ष हुन लाग्यो तर यसबाट बच्ने औषधि र खोप पत्ता लागेको छैन । विश्वका धेरै चिकित्सकहरु यसको अनुसन्धानमा लागिरहेका छन् तर सफलता मिलेको छैन । कोरोना भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले यो सरुवा रोगभित्र पर्दछ ।

नेपाल सरकारसँगै जनता पनि सकिनसकी कोभिडसँग जुधिरहेका छौं । त्यसबाट बच्ने उत्तम औषधि एकअर्काबीच दूरी कायम गरी बस्नु नै हो । सरकारले कोडिभको सावधानीलगायत कार्यमा १२ अर्ब रूपैयाँभन्दा बढी खर्चिसकेको छ । महामारीबाट जनतालाई बचाउन सरकारले हरप्रयास गरिरहेको देखिन्छ । एउटा करदाता नागरिकको हैसियतले सरकारप्रति आभारी छु । कोभिड रेखदेखमा खटिएका सारा स्वास्थ्यकर्मीको योगदान पनि मूल्यवान छ, यस्तो जोखिमको सङ्कटलाई सबै मिलेर सामना गर्नुपर्दछ ।

तर सङ्कट छ भन्दैमा कानुन उल्लङ्घन गर्ने छुट कसैलाई हुँदैन र छैन पनि । कोभिडको बिरामी हो या होइन भनी थाहा पाउने एक मात्र विधि भनेको Real Time Polymerase Chain Reaction 'RT(PCR') प्रविधिमार्फत परीक्षण हो । सुरुका दिनमा यो परीक्षण निःशुल्क भए पनि अहिले आएर सरकारी अस्पताल, सरकारी स्वास्थ्य प्रतिष्ठान, निजी मेडिकल कलेज तथा अस्पतालहरुलाई पीसीआर परीक्षणको अनुमति दिइएको छ । सरकारको अनुमति पाएपछि अस्पतालहरुले आफू अनुकूलको शुल्क लिएर पीसीआर परीक्षण गरिरहेका छन् । सरकारले शुल्क लिने गरी दिएको कार्य वैधानिक हो या होइन भनी बुझ्नु अति जरुरी छ ।

संसारले नै कल्पना नगरेको र नेपालले समेत कल्पना नगरेको महामारी फैलिएको छ । यो आकस्मिक रूपमा देखिएको रोग हो । यसबाट नेपाली जनताले निःशुल्क स्वास्थ्य सेवा पाउनु पर्दछ । आकस्मिक स्वास्थ्य सेवालाई नेपालको संविधानले समेत मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ । संविधानको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था छ । यो हकलाई प्राप्त गर्न जनस्वास्थ्य सेवा ऐन २०७५ समेत जारी भई लागू भइसकेको छ । ऐनको दफा ३ को उपदफा ४ मा निःशुल्क सेवा प्राप्त हुने रोगहरुको वर्गीकरण गरिएको छ र सरुवा रोग निःशुल्क सेवा पाइने रोगभित्र परेको छ । एकातिर भाइरस विरुद्धको औषधि फेला नपरेको अवस्थामा सेवा पाउने भनेको पीसीआर परीक्षण नै हो । आम नागरिकको स्वास्थ्य निःशुल्क जाँच गरी भाइरस भए नभएको पहिचान गर्ने प्रमुख दायित्व सरकारको हो । त्यो पीसीआर परीक्षण गर्दा शुल्क लिनु भनेको नागरिकलाई मौलिक हकबाट वञ्चित गर्नु हो ।

मौलिक हक सामान्य हक अधिकार होइनन् । सङ्कटकालीन अवस्थामा समेत कतिपय मौलिक हकबाट वञ्चित गर्न पाइँदैन भनी संविधानमै लेखिएको छ भने यस्तो महामारीका बेला नागरिकलाई मौलिक हकबाट वञ्चित गर्नु अपराध हो । कानुनको पालना गर्ने प्रमुख कर्तव्य सरकारको हो । कानुन उल्लङ्घन गर्नेलाई सजाय गर्ने सरकारले आफूले पालना गर्नुपर्दैन ? कानुन निमुखा प्राणीका लागि मात्रै हो कि शासकहरुलाई पनि हो ?

हामी संविधानवाद छ भन्छौं, यही



तरिकाले संविधानवाद र कानुनको शासन छ भन्न मिलूछ ? यो देशमा कति जनता गरिब छन् भन्ने सरकारलाई थाहा होला । चैत दोस्रो साताबाट कामकाज ठप्प छ, दैनिक काम गरेर खानेहरुको हालत के होला ? सरकारले सोचेको छ ? जुन देशमा एक छाक खानलाई दिनभरि काम गर्नुपर्दछ । दिनभरि काम गर्‍यो भने बढीमा कमाउने १५ सय रूपैयाँसम्म हो । ती कमाउने दिनहरु पनि चैतबाट रोकिएको छन्, त्यस्तो देशका नागरिकले साढे चार हजार रूपैयाँ तिरेर पीसीआर परीक्षण गर्न सक्छन् ? दस रूपैयाँको सिटामोल किन्न नसक्ने नागरिकले यो शुल्क तिरेर परीक्षण गराउन सक्दैनन्, सरकारले यो कुरा अलि गम्भीर रूपमा सोच्नुपर्‍यो ।

जेठको महिना बजेट भाषणमा सहभागी हुँदा राष्ट्र प्रमुख राष्ट्रपति, सरकार प्रमुख प्रधानमन्त्री, मन्त्रीहरु, विधायकहरु साथै उपराष्ट्रपति र कर्मचारीहरु सबैको पीसीआर परीक्षण निःशुल्क भएको थियो । लाखौं सरकारी सुविधामा रहेका अधिकारीहरु जोसँग पीसीआर परीक्षणको शुल्क लिँदासमेत आर्थिक रूपमा फरक पर्ने थिएन, उनीहरुले निःशुल्क सेवा प्राप्त गरे । मौलिक हकमा निःशुल्क स्वास्थ्य सेवा पाउने व्यवस्था राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरु, विधायकहरु र कर्मचारीहरुलाई मात्रै हो ? सरकारले शत प्रतिशत कानुनको उल्लङ्घन गरेको छ । यसलाई तत्काल सच्याउनुपर्दछ, यो सारा नेपालीले निःशुल्क पाउने सेवा हो ।

कहीँकतै सङ्क्रमणको लक्षण नदेखिएका व्यक्तिहरुले पनि पहुँचकै आधारमा परीक्षण गरिरहेका छन् । जो व्यक्ति सङ्क्रमणको जोखिममा छन्, ती व्यक्तिहरुको परीक्षणका लागि शुल्क तोकिनु भनेको सरकारको गरिब नागरिकहरु मरे पनि मरुन् भन्ने मनसाय हो । गरिब जनता, जो दैनिक एक छाक खान पनि मुस्किल छ, उनीहरुका लागि निकै महँगो शुल्क तोकिनु भनेको जनतालाई परीक्षणबाट वञ्चित गर्नु हो । परीक्षण गर्न नसक्नु भनेको जिउँदै मृत्युलाई स्वीकार गर्नु हो, योभन्दा ठूलो अपराध अरू के हुन्छ ? अकी कुरा कानुनको उल्लङ्घन गर्नु आफैमा अपराध हो । नागरिकले उलूलङ्घन गरेमा त्यो अपराध हुने, सरकारले गरेमा अपराध नहुने भन्ने हुँदैहुँदैन । कानुनका दृष्टिले सबै नागरिक समान हुने

बाँकी पृष्ठ ४ मा

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

# कोरोना भाइरस नियन्त्रणमा आउन दुई वर्ष लाग्ने अनुमान



–एजेन्सी

कोरोना महामारीले मानव समुदायलाई अत्याईरहेका बेला विश्व स्वास्थ्य संगठन ९डब्लुएचओ० का महानिर्देशकले यो भाइरस नियन्त्रणमा आउन अझै दुई समय लाग्ने अनुमान गरेको बताएका छन् । महानिर्देशक डा। टेडरोज आध्यनोम गेब्रेयेसोसले शुक्रबार जेनेभामा बिगतका महामारीको उदाहरण दिँदै भनेका छन्- "सन् १९१८ मा स्पेनिस फ्लूको महामारी नियन्त्रणमा आउन दुई वर्ष लागेको थियो, कोरोना भाइरस नियन्त्रणमा आउनेमा पनि यस्तै आशा गर्न सकिन्छ ।' महानिर्देशकको आशा छ, अहिले रहेको प्राविधिक सक्षमताले कम समयमै भाइरस नियन्त्रणमा लिन पनि सकिने छ । उनले 'पक्कै पनि भाइरस थप फैलिने सम्भावना छ, हामीसँग प्रविधि छ, जसले भाइरसको संक्रमणलाई रोक्न पनि सकिन्छ' भनेका छन् । कोरोना भाइरस विरुद्धको अभियानमा सफलता पाउनका लागि राष्ट्रिय एकता तथा विश्वव्यापी सहकार्य अत्यावश्यक रहेकोमा उनले जोड दिएका छन् ।

यता नेपाल सरकारले पीसीआर परीक्षण सहज भएका केही मुलुकबाट भदौ १६ गतेदेखि नियमित उडानमार्फत यात्रु ल्याउने निर्णय गरेको छ । पीसीआर परीक्षण सहज भएका मुलुक मलेसिया, यूएई, दक्षिण कोरिया, थाइल्यान्ड, जापान, चीन तथा हङ्कङ, अस्ट्रेलिया, अमेरिका, क्यानडा र युरोपेली मुलुकबाट यात्रु ल्याउने तयारी सरकारले गरेको हो । सरकारले यसअघि नै दैनिक पाँच सयभन्दा यात्रु नबढ्ने गरी नियमित तथा उद्धार (चार्टर) अन्तर्राष्ट्रिय हवाई उडान सञ्चालन गर्ने निर्णय गरिसकेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उडान तालिका प्रकाशन गर्ने जनाइएको छ । मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न मन्त्रालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिइएको हो ।

अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाका अनुसार नेपाल सरकारको निर्णय अनुसार नेपाल आउन अनुमति भएका नेपाली नागरिक र नेपालस्थित विदेशी नियोगका कूटनीतिज्ञ तथा कर्मचारी, संयुक्त राष्ट्रसङ्घ, विकास साझेदार संस्थाका कर्मचारी तथा प्रतिनिधिलाई मात्र नेपाल ल्याउने गरी नियमित उडान सुरु गर्न लागिएको हो । पीसीआर परीक्षण सहज नभएका मुलुकबाट नियमित उडानबाट यात्रु ल्याउन पाइने छैन । नियमित उडानबाट आउने यात्रुले जहाज चढ्नु ७२ घन्टाभित्रको पीसीआर नेगेटिभ प्रमाणपत्र पेस गर्नुपर्नेछ । त्यस्तै कम्तीमा सात दिन होटल क्वारेन्टाइनमा अनिवार्य बस्ने गरी होटल बुकिङको प्रमाणसमेत पेस गर्नुपर्नेछ । यसैगरी कम्तीमा १४ दिन होम क्वारेन्टाइनमा बस्ने लिखित प्रतिबद्धता जनाउनुपर्नेछ । नियमित उडानबाट आउने यात्रुको सात दिने होटल क्वारेन्टाइनको खर्चसमेत टिकट बुक गर्दाकै बेला सम्बन्धित यात्रुबाट लिनुपर्ने व्यवस्था गरिएको छ । होटल क्वारेन्टाइनको खर्च भुक्तानी गर्ने दायित्वसमेत सम्बन्धित एयरलाइन्सले गर्नुपर्ने जनाइएको छ । पीसीआर परीक्षण नगराएका, होटल बुकिङ नगरेका वा अन्य सर्त पूरा नगरेका कुनै यात्रु नियमित उडानबाट ल्याइएमा सम्बन्धित वायुसेवा कम्पनीलाई कारबाही गरिने समेत जनाइएको छ ।


## हार्दिक बधाई तथा शुभकामना



झापाको शैक्षिक उन्नयनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको यस एमरेल्ड एकाडेमी भद्रपुर ७ बाट माध्यमिक तह कक्षा १० उत्तीर्ण परीक्षा (एस.ई.ई) २०७६ मा सहभागी सम्पूर्ण विद्यार्थीहरूले विगत वर्षहरूको उत्कृष्टताको नतिजा कायम गर्दै अब्बल शैक्षिक प्रतिष्ठानको परिचय बनाउन सफल भएका छन् । सम्पूर्ण विद्याथीहरूले उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी शिक्षण यात्रा अझ सफल र सवल बन्न सकोस् भन्ने कामना गर्दछौं ।

विद्यालयमा उत्कृष्ट नतिजाका लागि अहोरात्र परिश्रम गर्ने शिक्षक, अभिभावक, विद्यार्थी तथा विद्यालय परिवारलाई आगामी वर्षहरूमा पनि निरन्तर उत्कृष्ट विद्यार्थी उत्पादनमा हौसला प्राप्त होस् भन्ने कामना गर्दछौं ।

**संस्थापक/प्रिन्सिपल प्रा.डा. पृथ्वीविक्रम राई**
**एमरेल्ड एकाडेमी परिवार**
**भद्रपुर-७, झापा ।**

(नोट : कक्षा १० सम्म अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूका लागि नेपाल सरकार शिक्षा मन्त्रालय अर्न्तगत अनौपचारिक शिक्षा केन्द्रको सहयोगमा नेपाल टेलिभिजनबाट हरेक दिन शिक्षण भइरहेको छ । यसैगरी प्याब्सन एन प्याब्सनको सहकार्यमा जनता टिभी तथा डिसहोम च्यानलबाट कक्षागत पठनपाठन भइरहेकाले ती निकायबाट शिक्षण लाभ लिन अनुरोध गर्दछौं ।)


## कुखुराको मासु र अण्डाबाट
# कोरोना भाइरस नसर्ने



–एजेन्सी

पशु सेवा विभागले कुखुराको मासु र अण्डाबाट कोरोना भाइरस नसर्ने बताएको छ । कुखुराको मासु र अण्डाको नियमित सेवन गरेमा कोरोना भाइरसविरुद्ध लड्न सक्ने रोग प्रतिरक्षा क्षमता बढाउने भन्दै विभागले यस्ता अफवाहको पछि नलाग्न सबैमा अपिल गरेको छ । केही केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा कुखुराको मासुमा कोरोना भन्ने नकारात्मक समाचार समाचारहरु प्रकाशित र प्रशारण भएको भन्दै विभागले पोल्ट्री व्यवसायमा असर गर्ने यस्ता भ्रामक समाचारको पछि नलाग्न पनि भनेको छ । विभागले हालसम्म विश्व स्वास्थ्य संगठन र विश्व पशु स्वास्थ्य संगठनको अनुसन्धानबाट कुनै जनावर र पंक्षीबाट कोरोना सर्ने वैज्ञानिक आधार नरहेको जनाएको छ ।





**हल्दिबारी गाउँपालिकाको कार्यालय**
**हल्दिबारी, झापा**




**कचनकवल गाउँपालिकाको कार्यालय**
**बनियानी, झापा**




**गौरादह नगरपालिकाको कार्यालय**
**गौरादह, झापा**

# कोरोनाकालमा पठनपाठनको निर्देशिका

काठमाडौँ । कोरोना संक्रमणको संटकमा विद्यार्थीहरुको पठन पाठनलाई सुचारु राख्न सरकारले विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ जारी गरेको छ । सो निर्देशिका अनुसार असोज १ देखि विद्यार्थी भर्ना कार्यक्रम सुरु गरेर स्कूलको कक्षाकोठामा गरिने अध्यापनको विकल्पमा प्रविधिका साधान प्रयोग गरेर पठन पाठनलाई अघि बढाउने तयारी गरिएको छ ।

गत भदौ १९ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत गरिएको सो निर्देशिकामा प्रविधिको आधारमा विद्यार्थीलाई ५ समूहमा वर्गिकरण गरिएको छ । जसमा सबै किसिमको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह, रेडियो, एफएम रेडियोमा पहुँच भएको विद्यार्थी समूह, टेलिभिजनमा पहुँच भएको विद्यार्थी समूह, कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह र इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधानमा पहुँच भएका बिद्यार्थीको समूह । निर्देशिकामा स्थानीय तह र विद्यालयले आवश्यकताको आधारमा पहुँचा योग्य ढाँचामा सहिजकरणको व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । कोरोना संकट कायम रहँदासम्म यही निर्देशिका बमोजिम विद्यालय शिक्षाको कार्यक्रम सञ्चालन गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले रातोपाटीलाई जानकारी दिए ।

विद्युतीय सञ्चार प्रविधि माध्यमको पहुँचबाट बाहिर रहेका विद्यार्थीहरुका लागि केन्द्रबाट स्वअध्ययनका सामग्रीको बिद्युतीय प्रति तयार पारी वेससाइटमा राख्ने र त्यसलाई प्रदेश, स्थानीय तहले छपाई गरी विद्यार्थीहरुलाई




वितरण गर्ने, विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गरिएको छ । प्रविधिको पहुच नभएका कारण विद्यालय वा समुदायमा भौतिक दुरी कायम गरी बसाइ शिक्षक वा स्वयम्सेवक मार्फत सिक्ने सिकाउने व्यवस्था गर्ने भनिएको छ ।

एफएम रेडियोको पहुँचमा भएका विद्यार्थीका लागि पाठ्यपुस्तक उपलब्ध गराउने, केन्द्रले तयार पारेका सामग्रीहरु रेडियोलाई निःशूल्क उपलब्ध गराउने र रेडियोबाट निःशूल्क वा न्यूनतम शूल्कमा प्रशारणको व्यवस्था गर्ने भएको छ । यस्तै शिक्षकहरुलाई रेडियो मार्फत शिक्षण गर्न लगाउन, विद्यार्थीले तयार पारेको लेख रचना प्रशारणको व्यवस्था गर्ने भनिएको छ । यस्तै केन्द्र, प्रदेश र स्थानीय तहबाट रेडियो र एफएम रेडियोबाट प्रशारण गरिने कक्षा र विषयगत पाठ सम्बन्धी समय तालिकालाई व्यवस्थित गरी सार्वजनिक गर्ने व्यवस्था गरिएको छ ।

एफएम रेडियोको पहुँचमा भएका विद्यार्थीलाई जस्तै टेलिभिजनमा पहुँच भएका विद्यार्थीका लागि पनि पाठ्यपुस्तक उपलब्ध गराउने, केन्द्रले विकास तथा संयोजन गरेका कक्षागत सिकाई सामाग्रीहरु केन्द्रीय टेलिभिजनबाट प्रशारण गर्ने, प्रदेश र स्थानीय तहले टेलिभिजनबाट प्रशारण गरिने कक्षा र पाठबारे समय तालिका सार्वजनिक गर्ने व्यवस्था गरिएको छ । केन्द्रले विकास तथा संयोजन गरेका कक्षागत सिकाई सामग्रीहरु केन्द्रीय टेलिभिजनबाट प्रशारण गर्ने र ति सामग्रीहरु टेलिभिजनलाई निशूल्क उपलब्ध गराउने व्यवस्था छ ।

घरमा कम्प्युटर भएका तर इन्टरनेटको पहुँच नभएका विद्यार्थीहरुका लागि अनलाइनमा तयार पारिएको सामग्रीको अफलाइन मोडमा सिडी वा पेन ड्राइभ, हार्डडिस्क आदी विद्यालय तथा स्थानीय तहमार्फत विद्यार्थीलाई उपलब्ध गराउने भनिएको छ ।

इन्टरनेटको पहुँचमा रहेका विद्यार्थीको लागि पाठ्यपुस्तक उपलब्ध गराउने, केन्द्र, प्रदेश र स्थानीय तहले अनलाईन सिकाई सामग्रीहरु तयारी गरी अनलाइन माध्यमबाट उपलब्ध गराउने, केन्द्रले अनलाइनमा प्रशारण गरिएका श्रव्य दृश्य सामग्रीहरु लर्निङ पोर्टल वा युट्युवमा अपलोड गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएका र स्वीकृति प्रदान गरिएका विद्यालय तहका सबै कक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्री लगायत अन्य श्रब्य दृश्य सामग्रीहरु साइबर सुरक्षा निर्देशिकाको अधिनमा रही मोबाइल एप्लिकेशन विकास गरी डाउनलोड गर्न सकिने व्यवस्था गर्ने व्यवस्था गरिएको छ ।

निर्देशिकामा शैक्षिक सत्रको समायावधी तथा माहामारी लगायतको विषम परिस्थितिको अवस्था हेरी विद्यालयले आवश्यक अनुसार दुर शिक्षा वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट सिकाई सहजीकरण गर्दा विभिन्न शिक्षण विधि अवलम्बन गर्ने सक्ने भनिएको छ ।

# पहुँचवाला किसानलाई मात्रै अनुदानको रकम

–सन्दर्भ समाचारदाता

भद्रपुर । सरकारले कृषकका लागि प्रदान गर्दै आएको अनुदानको रकम पहुँचवाला ठूला किसानले मात्रै हात पार्ने गरेको पाइएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार पारेको कृषि विकासका क्षेत्रमा प्रदान गरिने अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन प्रतिवेदनले पहुँच हुने किसानले मात्रै अनुदान पाएको जनाएसँगै अनुदानको रकम पहुँचवालाका हातमा मात्रै पर्ने गरेको खुलेको हो । संघीयदेखि स्थानीय तहसम्मका तीनबटै सरकारले पहुँचवाला ठूला किसानलाई मात्रै अनुदानको रकम प्रदान गर्ने गरेको अध्ययन प्रतिवेदनले देखाएको छ ।

१ नम्वर प्रदेश सरकारद्वारा आर्थिक वर्ष २०७६/०७७मा सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ९पकेट/ब्लक० र प्राङ्गारिक कृषि प्रवर्द्धन मिसन कार्यक्रम अन्तर्गतको अनुदान बितरणमा समेत पहुँचवालाकै हाली मुहाली भएको छ । कृषि ज्ञान केन्द्रमार्फत बितरण गरिएको सबै रकम ठूला पहुँचवाला किसानले मात्रै हात पारेको श्रोतको दावी छ । सरकारले मध्यम र साना कृषकलाई लक्षित गरी अनुदानको रकम वितरण गर्ने गरे पनि पहुँचवाला किसान मात्रै लाभान्वित हुँदै आएका छन् ।

१ नम्वर प्रदेश सरकाको आर्थिक वर्ष २०७५/०७६मा वितरण गरिएको अनुदान रकमलाई हेर्ने हो भने सबै भन्दा बढी अनुदानको रकम झापाका पहुँचवाला ठूला किसानले लिएका छन् । दुई आर्थिक वर्षको तथ्याङ्क अनुसार झापाका ५८ वटा समूहका ठूला किसानले ५ करोड ६८ लाख ३ हजार रुपैयाँ अनुदानमा लिएका छन् । तर, दुई वर्षमा सोलुखुम्वूका तीन वटा कृषि फर्मले मात्र अनुदानको रकम लिएको देखिन्छ । सोलुखुम्वूका किसानले दुई आर्थिक वर्षमा अलैंची, अकवरे खोर्सानी र तरकारी उत्पादनका लागि भन्दै ६५ लाख रुपैयाँ मात्र अनुदान लिएका छन् ।

झापाका ठूला किसानले विभिन्न



विषयगत ब्लक सञ्चालनका लागि भन्दै अनुदानको रकम लिएका छन् । सहकारी संस्था, फर्म, समूह, उद्योग गरी १० वटाले अनुदानको रकम लिएका छन् । त्यस्तै विभिन्न पकेट क्षेत्र सञ्चालनका नाममा ४८ वटा संस्था, फर्म, समूह, उद्योगले अनुदानको रकम लिएका छन् । अनुदानको रकम लिने संस्था, फर्म, समूह, उद्योगको संख्या संखुवासभामा तीनसहित उदयपुरमा १०, मोरङ र सुनसरीमा ७४, संखुवासभामा ११, इलाममा २५, धनकुटा र तेह्रथुममा ३५, भोजपुरमा २, ताप्लेजुङ र पाँचथरमा ३८, खोटाङमा १९ रहेका छन् ।

झापाका १५ वटा स्थानीय तहमध्ये पनि गौरादह नगरपालिकाका धेरै संस्था, फर्म, समूह, उद्योगले अनुदान रकम लिएका छन् । गौरादह नगरपालिकाका ८ वटा संस्था, फर्म, समूह, उद्योगले अनुदानको रकम लिएका छन । त्यस्तै बिर्तामोडमा ३, झापामा ३, दमकमा ३, वाह्रदशीमा ४, मेचीमा १, कमलमा ५, भद्रपुरमा २, शिवसताक्षीमा ७, कनकाईमा ४, बुद्धशान्तिमा २, हल्दिवारीमा ४, केचनामा ४ र अर्जुनधारामा ६ गरी जम्मा ५८ वटा संस्था, फर्म, समूह, उद्योगले प्रदेश सरकारबाट अनुदान लिएका छन् । जसमध्ये सबैभन्दा धेरै च्याउ खेतीका लागि दमक नगरपालिका-२का नेत्रप्रसाद जवेगूले ३३ लाख ७९ हजार रुपैयाँ अनुदान पाएका छन् । उनले जवेगू च्याउ उद्योगका लागि सो रकम पाएका हुन् । बिगत सात वर्षदेखि नियमित च्याउ खेती गर्दै आएका उनले च्याउ पकेट कार्यक्रमका लागि सो रकम अनुदानमा पाएका हुन् । उनले दैनिक एकदेखि डेढ क्वीटल च्याउ बिक्री गर्दै आएका छन् । उनी ठूलो कारोवार गर्ने किसान हुन् । उनले १५ कठ्ठा जमिन लिजमा लिएर च्याउ खेती गर्दै आएका छन् । उनको च्याउ उद्योगमा नियमित ५ र ज्यालादारीमा पाँच जनाले रोजगारी पाएका छन् । मासिक ५देखि ६ लाख रुपैयाँसम्मको च्याउ विक्री गर्ने गरेको जवेगूको भनाइ छ । यसअघि उनले च्याउ ब्लक सञ्चालनका लागि भन्दै वार्षिक ५ लाख रुपैयाँसम्म हरेक वर्ष अनुदानको रकम लिने गरेका थिए ।

उनले २०७३ सालबाट च्याउ खेती गर्दै आएका छन् । उनी जस्तै कमल गाउँपालिका-२मा रहेको श्री आईपीएम आलू ब्लक सञ्चालन समितिले ३० लाख ५२ हजार रुपैयाँ अनुदान रकम लिएको छ । सो समितिले पनि आलू खेतीका लागि रकम लिएको हो । कृषि ज्ञान केन्द्र, प्रदेश सरकार र कारितास नेपालसँग गरेर सो आईपीएम आलू ब्लक सञ्चालन समितिले झण्डै ४० लाख रुपैयाँ अनुदान लिएको छ । ५० प्रतिशत किसानको सहभागिता रहने गरी सो समितिले अनुदान रकम लिएको समितिका कोषाध्यक्ष टंक कटुवालले बताए । त्यहाँका किसानले ६४ विगाह क्षेत्रफलमा आलू खेती गरेको बताइन्छ । समूहमा आवद्ध सबै किसान पहुँचवाला रहेको स्रोतले जनाएको छ ।

कृषि ज्ञान केन्द्रमार्फत नै अनुदानको रकम पाउने अर्को संस्था हो- वाह्रदशी गाउँपालिका-७मा रहेको दुर्गा माता कोला खेती तथा कृषि फर्म । जसले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ब्लक बिकास कार्यक्रमका लागि ३५ लाख रुपैयाँ अनुदान लिएको छ । संस्थाले ३५ लाख रुपैयाँ फर्मको लगानी रहने गरी सो रकम अनुदानमा लिएको हो । अनुदान रकम पाउने व्यक्ति ठूला र पहुँचवाला कृषक हुन् ।

उता हाम्रो हातेमालो कृषि सहकारी संस्थाले कृषकका नाममा सरकारबाट २५ लाख ३४ हजार रुपैयाँ अनुदान लिएको छ । यो शिवसताक्षी नगरपालिकामा रहेको छ । शिवसताक्षी-१मा रहेको यो संस्थाले धान खेतीका लागि भन्दै अनुदान लिएको हो । शिवसताक्षी महिला महुरीपालन सहकारी संस्थाले पनि २५ लाख रुपैयाँ अनुदान रकम लिएको छ । शिवसताक्षी नगरपालिकाको ११मा यो संस्था रहेको छ ।

# स्कुलले क्लासभित्र पाल्न थाले कुखुरा, खेल मैदानमा लगाए तरकारी



–एजेन्सी

विश्वमा कोरोना भाइरसको महामारी फैलिएको ६ महिना बितिसकेको छ । चीन हुँदै विश्वभरि फैलिएको महामारीले व्यापार, यातायात, पर्यटनलगायत सम्पूर्ण क्षेत्रमा असर गर्यो। सबैभन्दा बढी असर परेका क्षेत्रमध्ये शिक्षा पनि एक हो । संक्रमण फैलिन सुरू हुनासाथ विभिन्न मुलुकले विद्यालय बन्द गरे । छ महिनादेखि बन्द रहेका विद्यायल अझै खुलेका छैनन। केही देशले विस्तारै विद्यालय खुलाउन थाले पनि कतिपयले आगामी जनवरीसम्मै विद्यालय बन्द गर्ने निर्णय गरेका छन् ।

अरू राष्ट्रजस्तै पूर्वी अफ्रिकी मुलुक केन्यामा पनि कोरोनाभाइरसको संक्रमण फैलिएको छ । कोरोना नियन्त्रणका लागि केन्यामा पनि धेरैजसो क्षेत्रहरू बन्द गरिएका छन् । सरकारले विद्यालय भने जनवरीसम्म बन्द गर्न भनेको छ । लगातारको बन्दले त्यहाँका निजी विद्यालयका लगानीकर्ता र शिक्षक कर्मचारी आर्थिक समस्यामा परेका छन् । कोरोना आउनुअघि स्कुलका कक्षाकोठामा विद्यार्थीहरूले पढ्दै गरेको आवाज सुनिन्थ्यो । अहिले त्यहाँ कुखुरा बासेको सुनिन्छ । कक्षाकोठाको बोर्डमा हिसाबका गुणनको सट्टामा कुखुरालाई दिइने भ्याक्सिनका तालिकाहरू लेखिन थालिएका छन् ।

शिक्षाबाट आम्दानी हुन छोडेपछि केन्द्रीय केन्यन स्कुलका सञ्चालक जोसेफ मैनाले कक्षा कोठामा कुखुरा पालेर पैसा कमाउन बाध्य भएको बताएका छन् । केन्या सरकारले मार्चमा विद्यालयलाई बन्द गर्न निर्देशन दिएको थियो । त्यत्तिबेला उनको बैंकमा ऋण चुक्ता गर्न बाँकी थियो । पहिले त सबै गुमाएँ जस्तो भएको थियो । तर हामीले बाँच्नका लागि विद्यालयलाई केही गर्नु पर्ने सोच्यौं, मैनाले बिबिसीसँग भने । केन्याका निजी विद्यालयका शिक्षकको तलब विद्यार्थीहरूले तिर्ने शुल्कबाट पाउँथे । एकाएक विद्यालय बन्द भएपछि बोर्डिङ स्कुल आफ्ना कर्मचारीलाई तलब दिन नसक्ने अवस्थामा आइपुगेका छन् ।

केन्या प्राइभेट स्कुल्स एसोसियसनका अनुसार केही विद्यालयहरूले अनलाइनमार्फत पढाइरहेका छन् । तर उनीहरूले पाउने तलबले भने आफ्नो दैनिक खर्च धान्न गाह्रो भएको छ । इन्टरनेटको पहुँच सबैतिर नभएकाले अरू विद्यालयले त अनलाइन कक्षा पनि चलाउन सकेका छैनन् । करिब ९५ प्रतिशत अर्थात् तीन लाख बढी निजी विद्यालयका शिक्षकहरू बेतलबी बिदामा बस्न बाध्य भएको एसोसियसनका प्रमुख कार्यकारी पिटर नडोरोले बताए । त्यस्तै एक सय ३३ विद्यालय त सधैंका लागि बन्द भइसकेका छन् ।

केन्याकै अर्को रोका प्रेपारेटोरी नामक विद्यालयको परिसरमा पनि खेती गर्न थालिएको छ । २३ वर्ष अघि स्कुल खोलेका जेम्स कुङ्ग युले भने, “यस्तो खराब अवस्था यसअघि कहिल्यै आएको थिएन ।” विद्यालयको खेल मैदानमा अहिले उनले तरकारी उब्जाउने गरेका छन् । तरकारी सँगसँगै उनले पनि कुखुरा पाल्न थालेका छन् । “मेरो पनि अरू विद्यालयको जस्तै अवस्था छ । मसँग कारमा पेट्रोल हाल्न पैसा छैन । शिक्षक तथा विद्यार्थीहरू आउन छाडे । मनोवैज्ञानिक रूपमा हामीलाई धेरै असर परेको छ,” उनले भने ।

## जसको तलब आइरहन्छ उनीहरुले मात्रै लकडाउन गर्नुपर्छ भन्छन् : राजेशकाजी श्रेष्ठ



–राजेशकाजी श्रेष्ठ

काठमाडौं । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले काम नगरे पनि नियमित तलब आउनेहरुले मात्रै लकडाउन र निषेधाज्ञा गर्नुपर्ने भनिरहेको बताएका छन् । हिजो मात्रै प्रधानमन्त्री केपीशर्मा ओलीसँग श्रेष्ठसहितका उद्योगी व्यवसायीले भेटवार्ता गरेका थिए । भेटमा आफूहरुले ओलीलाई लकडाउन र निषेधाज्ञा खुकुलो बनाउन आग्रह गरिएको उनले बताए । निषेधाज्ञाको स्वरुप परिवर्तन गरी अर्थतन्त्रलाई चलायमान बनाउन आग्रह गरिएको श्रेष्ठले बताए । ‘जसले व्यापार गर्नु पर्दैन, जसले तलब खुवाउनु पर्दैन, जसको स्वतः तलब आइरहन्छ उनीहरुले मात्रै लकडाउन गर्नुपर्छ भनिरहेका छन् भन्ने विषयमा प्रधानमन्त्री ओली पनि सहमत हुनुहुन्छ’ उनले भने ‘जसको केही काम छैन, तलब आफै सुरुसुरु आउनेहरु लकडाउन निषेधाज्ञा गर्न उल्टोउल्टो कुरा गरेका छन् ।’

सवा चार बजेको स्वास्थ्य मन्त्रालयको ब्रिफिङले सकारात्मक उर्जा दिनुको सट्टा नकारात्मक भएको उनले बताए । अबको दिनमा आर्थिक क्षेत्र चलायमान नभए कोरोनाले नभई भोकमरीले मृत्यु हुने स्थिति आउन सक्ने धारणा सबै व्यवसायीहरुले राखेको श्रेष्ठले बताए । अहिले नयाँ युवा पुस्ता जो व्यवसायमा लागेका छन् उनीहरु निरुत्साहित हुने स्थिति आइसकेकोले सकारले छिट्टै पुनरुउत्थान गर्नुपर्नेमा उनले जोड दिए । व्यवसायीले राजश्व, ब्याज, घरभाडा, अफिस भाडा, कर्मचारी र श्रमिकको तलब तिर्नैपर्ने तर आम्दानी शून्य हुने स्थिति आएकाले आफूहरु समस्यामा परेको कुरा स्पस्टसँग प्रधानमन्त्रीसमक्ष राखिएको श्रेष्ठले बताए ।

सरकारले गत जेठ महिनासम्मको स्थितिलाई हेरेर बजेट मार्फत ५० अर्बको स्टिमुलस प्याकेज ल्याएकोमा अहिले लकडाउन लम्बिँदै जाँदा त्यसले नपुग्ने भएकाले २ खर्बको प्याकेज ल्याउन सुझाव दिएको उनले बताए । सरकारले पूँजीगत खर्च गर्न नसकेको रकम स्टिमुलस प्याकेजमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउन सहजीकरण गर्नुपर्ने श्रेष्ठको भनाई छ । त्यस्तै नेपाल राष्ट्र बैंकले ल्याएको पुनर्कर्जा कोषलाई पुनर्संरचना गर्नुपर्ने र अन्य व्यक्तिगत एवं साधारण कर्जालाई पनि पुनर्संरचना गर्ने व्यवस्था मिलाउन अग्रह गरिएको उनले बताए ।

व्यवसायीहरु आफ्नो व्यवसायलाई निरन्तरता दिन पाए जस्तो सुकै परि स्थितिमा पनि सरकारलाई राजश्व र भ्याट तिर्न तत्पर रहेको कुरा समेत प्रधानमन्त्री ओलीलाई बताएको उनको भनाइ छ । प्रधानमन्त्री ओलीले व्यवसायीहरुसँग अर्थतन्त्रलाई खस्किन नदिने प्रतिवद्धता जनाएको पनि श्रेष्ठले बताए । व्यवसायी र प्रधानमन्त्री ओलीबीचको भेटमा पूर्व अर्थमन्त्री डा. युवराज खतिवडा समेत उपस्थित थिए ।

## बुद्धशान्तिमा बाँस उद्योग स्थापना,
# दैनिक प्रयोजनका सामग्री उत्पादन गर्ने



बुधबारे । बाँसबाट बन्ने विभिन्न सामग्री उत्पादन गर्न बुद्धशान्तिमा बाँस उद्योग संचालनमा आएको छ । बुद्धशान्ति १ स्थित होक्सेमा स्थापित उद्योगको बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष रमेशकुमार भुजेलसहित स्थानीय समाजसेवीको उपस्थितीमा आज उद्घाटन गरे ।

तीन जनाको लगानीमा संचालनमा ल्याइएको उद्योगबाट तत्काल बाँसको पानी खाने बोतल, कप, गिलास, जग लगायतका सामग्रीहरु बनाउने संचालक मध्येका मनोज प्रसाईले जानकारी दिए । बाँसबाट यस्ता सामाग्री उत्पादन गर्ने नेपालकै पहिलो उद्योग रहेको पनि मनोज प्रसाईले बताए । त्यस्तै बजारको माग अनुसार बाँसका अन्य विभिन्न सामग्रीहरु समेत उत्पादन गर्दै लैजाने प्रसाई भनाइ छ ।

पछिल्लो समय प्लास्टिक जन्य सामग्रीहरुको बढ्दो प्रयोगले वातावरण तथा मानव स्वास्थ्यमा प्रतिकुल असर पारिरहेको बेला बाँसका यस्ता अर्ग्यानिक उत्पादन वातावरण मैत्री तथा स्वस्थ्यकर रहेकोले सबैले प्रयोग गर्नुपर्ने अर्को संचालक गोकुल पौडेलले बताए । दैनिक जीवनमा प्रयोग हुने सम्पूर्ण सामग्रीहरु बाँसकै बनिने भएकोले स्थानीय क्षेत्रमा पाइने बाँसको प्रयोगबाट बनेका उत्पादन सबैले प्रयोग गर्नुपर्नेमा पौडेलले जोड दिए ।



केही समययता खुलेका विभिन्न होम स्टे र होटल रेन्टुरेन्टहरुमा अर्ग्यानिक सामग्रीहरु प्रयोग हुन थालेको देख्न सकिन्छ । बाँसबाट बन्ने सामग्रीहरु त्यस्ताठाउँहरुमा पुऱ्याएर बजारीकरण गरिने अर्को संचालक रोसन भट्टराईले बताए ।

स्थानीय तथा केन्द्रीय सरकारको समन्वयमा नेपालमा मात्र नभएर विदेशी मुलुकहरुमा पनि यस्ता नेपालका उत्पादनहरु पुऱ्याइ बजारीकरण गर्ने सकेमा नेपालको अर्थतन्त्रलाई थप मजबुत बनाउन सकिने बताउँदै सम्पूर्ण नेपालीहरुलाई यस्ता अर्ग्यानिक उत्पादन प्रयोग गर्न भट्टराईले अनुरोध गरे ।

**देउवाविरुद्धको....**

राखेका छन् ।

देउवाले पौडेल समूहको आवाजलाई नसुनेपछि इतर समूहले थप दवाव दिनलाई चरणबद्ध संघर्षमा उत्रिने अन्तिम रणनीति बनाइरहेको छ। त्यसका लागि पौडेल समूहले पार्टीमा तेस्रो धारको नेतृत्वकर्ता समेत भनेर चिनिने सिटौलाको साथ खोजेपनि अपेक्षाकृत नतिजा नदेखिएको हो । देउवाविरोधी मोर्चालाई सशक्त बनाउनकै लागि पौडेल समूह सिटौला समूहको साथको खोजीमा छ । सोही अभिप्रायका साथ पौडेल समूहले शनिबार गरेको भर्चुअल बैठकमा निम्तो पठाएको थियो ।

पौडेल समूहको आमन्त्रणअनुसार सिटौला समूहबाट नेता गगन थापा, प्रदीप पौडेल र उमाकान्त चौधरीले मात्र सहमति भए । पौडेलले एसएमएस र फोनमार्फत सिटौलालाई पनि बैठकमा सहभागी हुन आग्रह गरेका थिए । तर गृहजिल्ला झापामा रहेका सिटौलाले पौडेल समूहको बैठकमा उपस्थित हुन अनिच्छा देखाए । पौडेल समूहसँग एजेण्डागत सहकार्य गर्ने मुडमा गगन र प्रदीप देखिएपनि उनीहरु पनि अन्तिममा सिटौलाकै इशारामा अघि बढ्ने निश्चित छ ।

**विद्यार्थी...**

विद्यालयले तोकेको शिक्षकको हुने व्यवस्था गरिएको छ ।चालू शैक्षिक सत्रमा वैकल्पिक प्रणालीबाट अध्यापन गराइने भएकाले सबै सरोकारवालाई आ-आफ्नो कामको जिम्मेवारी तोकेको छ । मन्त्रालय, प्रदेशस्थित सामाजिक विकास मन्त्रालयले, स्थानीय तह, शिक्षा तथा मानव स्रोत केन्द्र, शिक्षा समन्वय इकाइ, अभिभावक, शिक्षक महासंघ, प्रअ र विद्यालय शिक्षकको भूमिकासमेत उल्लेख गरेको छ ।

निर्देशिकाअनुसार अब स्थानीय तहको अनुमतिमा विद्यालयले वैकल्पिक शिक्षाबाट पढाएबापत शुल्क लिने बाटो खुलेको छ । निर्देशिकाको ३० नम्बर बुँदामा स्थानीय तहले स्वीकृत गरेबमोजिम शुल्क लिन पाइने व्यवस्था गरेको छ । १८ पृष्ठ लामो निर्देशिका जारी भएसँगै वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ निर्देशिका र सोबमोजिम भए गरेका सबै काम कारबाही निर्देशिका अनुरुप हुने उल्लेख छ । निर्देशिकामा वैकल्पिक माध्यमबाट पढाइ गरेका उत्कृष्ट विद्यालय र शिक्षकलाई प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ । उत्कृष्ट विद्यालय र शिक्षकले अवलम्बन गरेको विधि तथा प्रक्रियालाई नमुनाको रुपमा देशभर प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ । वैकल्पिक माध्यमबाट पढाउन संघसंस्थाको सहयोग लिन सकिने उल्लेख छ । पाठ्यक्रम विकास केन्द्रले पाठ्यभार समायोजन गरेसँगै निर्देशिकाअनुसार पढाइ शुरु हुने भएको छ । त्यसका लागि मन्त्रालयले ठोस कार्ययोजना निर्माण गरिरहेको छ ।

निर्देशिकामा शिक्षकले विद्यार्थीको मूल्यांकन गरी नतिजा तयार गर्ने, आफ्नो कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, विद्यार्थीको प्रभावकारी संलग्नता सुनिश्चित गर्ने, पाठ्यवस्तु संकुचन गरिएको अवस्थामा सोही आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्ने उल्लेख गरिएको छ। मन्त्रालयले नेपाल टेलिकमलगायत इन्टरनेट सेवा प्रदायक संस्थाबाट शैक्षिक प्रयोजनका लागि मात्र हुने गरी निःशुल्क वा सहुलियत शुल्कमा डाटा प्याकेज लिएर विद्यालय तथा विद्यार्थीलाई निःशुल्क उपलब्ध गराउनुपर्ने उल्लेख गरेको छ ।

त्यसका लागि शिक्षामन्त्री पोखरेलले विभिन्न सेवा प्रदायक कम्पनीसँग कुराकानी गरिसेका छन् ।

प्रदेश सरकारले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामग्री प्रदेशस्तरमा टेलिभिजन तथा रेडियोबाट प्रसारण गर्ने व्यवस्था मिलाउने, राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिम प्रदेशस्तरमा रेडियो, टेलिभिजन र अनलाइनका कार्यक्रमहरू उत्पादन गरी प्रसारण गर्ने, गराउने उल्लेख गरिएको छ ।

**मन्त्री..**

व्यवस्था संविधानमा मौलिक हककै रूपमा छ । त्यो व्यवस्थाले भेदभाव गर्न नहुने भन्छ । उता नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको छ भनी संविधानको धारा २ मा लेखिएको छ । के यो व्यवस्था रमाइलोका लागि लेखिएको हो ? संविधान र कानुन नाटक घरमा मञ्चन गर्न तयार गरिएको ‘कथा’ हो ? जनताका प्रतिनिधिहरुको निःशुल्क परीक्षण हुने तर मतदान गर्ने सार्वभौमसत्ता जनतासँग शुल्क लिने ? यस्तो लज्जास्पद कार्य कानुनको शासन भएका संसारका कुनै पनि राष्ट्रमा हुँदैन । सीधासीधै संविधान र कानुन उल्लङ्घन भएको देख्दादेख्दै एउटा बुद्धि भएको नागरिक भएको हैसियतले चुप बस्न सकिएन र बाध्य भएर टिप्पणी गर्नुपरेको छ ।

स्वास्थ्यमन्त्री आफै कानुनका विद्यार्थी हुन् । सरकारका मुख्य कानुनी सल्लाहकार महान्यायाधिवक्ता छन्, उनीहरुले संविधान र कानुनका पाना पल्टाएका छैनन् ? सरकारलाई कानुनी सल्लाह दिएका छन् कि छैनन् ? नेतृत्वमा बस्नेले जे मन लाग्यो त्यही गर्न मिल्छ ? कानुनको पालना गरिबले मात्रै गर्नुपर्ने ? यही हो, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य ? लिखित कानुनलाई सबैले पालना गर्नुपर्दछ । देशको राष्ट्र प्रमुख होस् या सरकार प्रमुख, विधायक होस् या मन्त्री होस् । कसैलाई छुट छैन र हुँदैन पनि ।

(–लेखक अधिवक्ता हुन्)